# चौथो नगरपरिषद्का निर्णयहरू:

१ मिति २०७३/०९/२१ गते बसेको यस नगरपालिका बोर्ड बैठकले नगरपालिकाको चौथो नगर विकास योजनाका लागि तय गरी पठाएका सम्पूर्ण सिफारिसहरूलाई अनुमोदन गर्दै आगामी आ.व. ०७४/७५ को चौथो नगर विकास योजना तयार गर्ने र सो नगर विकास योजना मिति २०७३/०९/२९ गते नेपाल सरकारका वन तथा भूसंरक्षण मन्त्री माननीय शंकर भण्डारी ज्यूको प्रमुख आतिथ्यतामा सार्वजनिक गर्ने निर्णय गरियो ।

२ नगरस्तरीय राजश्व परामर्श समितिले आगामी आर्थिक वर्ष ०७४/७५ का लागि तय गरेका करका दरहरूलाई नगरबोर्डको समेत सिफारिसमा अनुमोदन गर्दै राजस्व प्रक्षेपणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३ मिति २०७२/०९/२६ गते पश्चात यस नगरपालिकाको नगर बोर्ड तथा राजनीतिक परामर्श समितिको सिफारिसमा भएका निर्णयहरूको अनुमोदन गर्ने निर्णय गरियो ।

४ मिति २०७२/०९/२६ गते पश्चात यस नगरपालिका अन्तर्गत रहेको पदपूर्ति समितिले गरेका निर्णयहरू अनुमोदन गर्दै पदपूर्ति समितिले पेश गरेको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

५ आर्थिक वर्ष २०७२/७३ को नगरपालिकाको आर्थिक आय/व्यय सम्बन्धमा अन्तिम लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने तथा विगतका वर्षहरूमा लेखापरीक्षण प्रतिवेदनले औंल्याएका सुधारका पक्षहरूलाई अग्राधिकार सहित कार्यान्यनमा लैजाने निर्णय गरियो ।

६ नगरपालिकाको आन्तरिक श्रोतलाई अभिवृद्धि गर्नको लागि चालु आ.व. बाट शुरू भएको एकीकृत सम्पत्ती करलाई तदारूकताका साथ लागू गर्ने निर्णय गरियो ।

७ नगरक्षेत्रमा रहेका सबै व्यवसायीहरूलाई नगरपालिकामा दर्ता गराई उनीहरूबाट चालू आ.व. ०७३/७४ बाटै व्यावसायिक कर उठाउनको लागि प्रकृया अघि बढाउने निर्णय गरियो ।

८ विगत वर्षहरूबाट शुरू गरिएको पटके सवारी करलाई चालु आ.व. को बाँकी अवधिका लागि एवम् आगामी आ.व. मा समेत निरन्तरता दिने निर्णय गरियो । यसको लागि नगरपालिकाले सबै राजनीतिक दल तथा सरोकारवाला निकायहरूको बृहत्त सहमति बनाउनको लागि पहल गर्ने निर्णय गरियो ।

९ नगरपालिकाको स्वामित्त्वमा रहेका डोजर, ट्रिपरलाई व्यवस्थित तथा प्रभावकारी ढंगबाट सञ्चालन गर्नको लागि कार्यकारी अधिकृतको संयोजकत्वमा सरोकारवाला समेतको सहभागितामा एक समिति गठन गर्ने र नगरपालिकालाई आर्थिक लाभ हुने प्रकारले सञ्चालन गर्ने एवम् दमकललाई चौविसै घण्टा सञ्चालन गर्न सक्ने अवस्थामा राख्ने निर्णय गरियो ।

१० नगरपरिषद् पश्चात कुनै महत्वपूर्ण विषयमा आकस्मिक निर्णय गर्नु पर्ने भएमा सो सम्बन्धी निर्णय गर्नको लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११ प्रथम, द्वितीय र तेश्रो नगरपरिषद्ले गरेका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई अग्राधिकार सहित कार्यान्वयन गर्ने निर्णय गरियो ।

१२ नगरपालिका अन्तर्गतका कर्मचारीहरूलाई उच्च मनोबलका साथ काममा उत्प्रेरित गराई राख्नको लागि साविकमा दिइँदै आएका सेवा सुविधाहरूको पुनःमूल्याङ्कन गरी उपलब्ध श्रोत र साधनले धान्ने गरी कामको आधारमा (Performance Based) सेवा र सुविधाहरू उपलब्ध गराउन कार्यकारी अधिकृतको संयोजकत्वमा एक कार्यदल गठन गर्ने र सो कार्यदलले दिएका सुझावहरूको आधारमा मौद्रिक तथा अन्य गैरमौद्रिक सुविधाहरू उपलब्ध गराउने निर्णय गरियो । तत् सम्बन्धी अग्रीम निर्णय नभएसम्मको लागि साविकमा दिइँदै आएका सेवा सुविधाहरूलाई निरन्तरता दिने

निर्णय गरियो । विभिन्न समितिहरूको बैठकमा सहभागी भए वापत बैठक भत्तालाई चालू आ.व. को पौष महिनाबाट नै प्रति बैठक सदस्य भत्तालाई रू. १००० निर्धारण गर्ने निर्णय गरियो ।

१३ अन्य जिल्ला विकास समितिहरू तथा नगरपालिकाहरू समेतले जिल्ला परिषद् तथा नगरपरिषद् गर्दाको महीना कार्यरत कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप १ महीनाको तलब रकम प्रोत्साहन उपलब्ध गराउने गरेको, विगत आर्थिक वर्षको नगरपरिषद्मा समेत सबै कर्मचारीहरूलाई १ महिना तलब प्रोत्साहन उपलब्ध गराएको हुनाले यस वर्ष पनि नगरपालिकाका कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप १ महीना बराबरको तलब रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१४ नगरपालिका अन्तरगत कार्यरत सबै कर्मचारीहरूलाई कामको विभाजन गरी कार्यसम्पादन सम्झौता (Performance Contract) गर्ने र सोही सम्झौतामा उल्लेख गरिएका सूचकहरू हासिल गरेको आधारमा पुरस्कृत गर्नको साथै सुविधाहरू उपलब्ध गराउने निर्णय गरियो ।

१५ गत आर्थिक वर्ष तथा चालू आर्थिक वर्षको मंसीर महीना सम्मको कार्यसम्पादन हेरी उत्कृष्ठ कर्मचारी छनौट गरी पुरस्कृत गर्ने साथै उत्कृष्ठ करदाता तथा उपभोक्ता समितिको छनौट गरी पुरस्कृत गर्न नगरपालिका बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

१६ यस नगरपालिकाका लागि विपद् व्यवस्थापन लगायतका अन्य क्षेत्रहरूमा काम गर्नका लागि विभिन्न कोषहरूको स्थापना नगर वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१७ नगर क्षेत्र भित्र रहेका सरकारी जग्गा संरक्षणको लागि तदारूकता लिन नगरपालिका कार्यालयलाई निर्देशन गर्ने तथा यस सम्बन्धमा तत्काले कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

१८ नगरक्षेत्र भित्र करका दायराहरू बढाउँदै लैजाने एवम् करदाताहरूको भलाईका लागि विभिन्न कार्यक्रमहरू अगाडि बढाउन एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

१९ घरवाहल कर सम्बन्धमा सम्भाव्यता अध्ययन गरी लागू गर्दै जाने निर्णय गरियो ।

२० नगर क्षेत्रको फोहर व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरियो ।

२१ नगर क्षेत्र भित्र उद्दान, पार्क, पिकनिक स्पोर्ट लगायतका मनोरञ्जनात्मक तथा साँस्कृतिक महत्त्वका उपक्षेत्रहरूको निर्माण गर्दै जाने निर्णय गरियो ।

२२ बन्दिपुर नगरक्षेत्रभित्र रहेका कला, धर्म, संस्कृति, भेषभूषा, साहित्य संरक्षण तथा प्रवर्दन गर्नका लागि ठोस कार्यक्रमहरू अगाडि बढाउने निर्णय गरियो ।

२३ भवन निर्माण आचार संहिता, आधारभूत शहरी योजना तथा भवन निर्माण आधारभूत मापदण्ड, २०७२ का साथै यस बन्दिपुर नगरक्षेत्रका लागि तयार गरिएका उप-संरक्षित क्षेत्रको मापदण्डहरू नक्सापास गर्दा लागू गर्ने निर्णय गरियो ।

२४ नगरक्षेत्र भित्र नयाँ घरटहराहरू निर्माण गर्दा नगरपालाकबाट अनिवार्य नक्सापास गर्नुपर्ने र नगरपालिका घोषणापूर्व वनिसकेका घरहरूको अभिलेखन कार्य तदारूकताका साथ अगाडि बढाउने निर्णय गरियो ।अभिलेखन कार्यका लागि समेत नयाँ घर नक्सापास सरह दस्तुर लिने निर्णय गरियो ।

२५ नगरपालिकाको सेवाप्रवाहलाई अझ सुदृण बनाउनका लागि नगरपालिकाका वडाहरूमा नयाँ वडा कार्यालयहरू स्थापना गर्नका लागि पहल कदमी लिने निर्णय गरियो ।

२६ नगरपालिकाको सडक गुरुयोजना तयार भैसकेकोले नेपाल सरकारवाट स्वीकृत भएको मितिवाट नै सडक गुरुयोजना लागू गर्ने निर्णय गरियो ।

२७ यस बन्दिपुर नगरपालिकामा आ.व. ०७३/७४ मा उत्कृष्ट काम गरे वापत तपशिलमा उल्लिखित कर्मचारीलाई प्रशंसा पत्रद्धारा पुरस्कृत गर्ने निर्णय गरियो ।

a. श्री प्रेम कूमारी थापा- सहायक कम्प्यूटर अपरेटर
b. श्री बुद्धिबहादुर मगर- ह.स.चा.

२८ वस्ति तथा वडा तहबाट छनौट भई आएका तर यस नगर विकास योजनामा नपरेका योजना तथा कार्यक्रमहरूलाई विषयगत रूपमा क्रमशः जिल्लाका विभिन्न विषयगत कार्यालयहरू, जिल्ला विकास समिति तथा केन्द्रीय निकायहरूमा पठाउने निर्णय गरियो ।

२९ रेडियो बन्दिपुरलाई उसको प्रसारण स्टुडियोको लागि यस नगरपालिका अन्तर्गत रहेको डुम्रे क्षेत्रमा घडेरी माग भै आएकोमा नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनीतिक परामर्श समितिको समेत सिफारिस भै सकेकोले कानून वमोजिम डुम्रे क्षेत्रमा घडेरी उपलब्ध गराउन पहल गर्ने निर्णय गरियो ।

३० नगरपालिका कार्यालय भवन निर्माणको लागि नेपाली सेनाको नाउँमा रहेको खड्गमाई देवी मन्दिर नजिकैको जग्गा माग गर्ने प्रकृया औपचारिक रूपमा अघि बढाउने र नेपाली सेनालाई आवश्यक पर्ने जग्गा बन्दिपुर नगरपालिका क्षेत्र अन्तर्गतको सरकारी जग्गाहरू मध्येबाट उपलब्ध गराउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

३१ बन्दिपुर नगरपालिकाको चौथो नगरपरिषद सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय दिई सुझाव सल्लाह तथा सकृय सहयोग गर्नु हुने राजनैतिक दलका प्रतिनिधी, विभिन्न समितिमा रहनु भएका सदस्यहरु, महिला प्रतिनिधि, संचारकर्मीहरु, व्यवसायीहरु, शिक्षक, नागरिक समाज, टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरु, महिला स्वास्थ्य स्वयंमसेविकाहरु, सम्पुर्ण नगरवासी लगायत नगरपालिकाका सम्पुर्ण कर्मचारी प्रति हार्दिक धन्यवाद दिँदै चौथो नगरपरिषद सम्पन्न गर्ने निर्णय गरियो ।